रामप्रसादराई गाउँपालिका

# स्थानीय राजपत्र

खण्डः ६ संख्याः ९ मितिः २०८०/३/३

**भाग-२**

**रामप्रसादराई गाउँपालिका**

## रामप्रसादराई गाउँपालिकाको कर्मचारी तह वृद्धि सम्बन्धी कार्यविधि,२०८०

रामप्रसादराई गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
बैकुण्ठे, भोजपुर
कोशी प्रदेश, नेपाल

# रामप्रसादराई गाउँपालिकाको कर्मचारी तह वृद्धि सम्बन्धी कार्यविधि,२०८०

१. प्रस्तावना

कोशी प्रदेश, स्थानीय सरकारी सेवाको (गठन तथा सञ्चालन) ऐन, २०८० मा भएको कानूनी व्यवस्थालाई कार्यान्वयन गर्न र रामप्रसादराई गाउँपालिकामा कार्यरत कर्मचारीहरुको तह वृद्धि सम्बन्धी कार्यलाई व्यवस्थित र पारदर्शी ढंगले कार्यन्वयन गर्न ऐनको दफा १५१ को अधिकार प्रयोग गरी रामप्रसादराई गाउँपालिकाको गाउँ कार्यपालिकाको मिति २०८०।०३।३ गतेको बैठकबाट पहिलो संसोधन सहित स्वीकृत गरी जारी गरिएको छ ।

२. <u>सक्षिप्त नाम र प्रारम्भः</u>

(१) यो कार्यविधिको नामः रामप्रसादराई गाउँपालिकाको कर्मचारी तह वृद्धि सम्बन्धी कार्यविधि, २०८० रहेको छ ।

(२) प्रारम्भः यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ ।

३. परिभाषाः विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा-

(क) "ऐन" भन्नाले कोशी प्रदेशबाट जारी भएको स्थानीय सरकारी सेवा (गठन तथा सञ्चालन) ऐन, २०८० सम्झनु पर्छ।

(ख) "कार्यविधि" भन्नाले रामप्रसादराई गाउँपालिकाको कर्मचारी तह वृद्धि सम्बन्धी कार्यविधि, २०८० लाई सम्झनु पर्दछ।

(ग) "प्रदेश" भन्नाले कोशी प्रदेश सम्झनु पर्छ।

(घ) "कार्यालय" भन्नाले रामप्रसादराई गाउँपालिका, गाउँ कार्यपालिका कार्यालयलाई सम्झनु पर्दछ।

(ङ) "कार्यपालिका" भन्नाले रामप्रसादराई गाउँपालिकाको गाउँ कार्यपालिकालाई सम्झनु पर्दछ।

(च) कर्मचारी भन्नाले रामप्रसादराई गाउँपालिकाको सेवाको पदमा बहाल रहेका स्थायी कर्मचारी सम्झनु पर्दछ र सो शब्दले कर्मचारी समायोजन ऐन, २०७५ बमोजिम समायोजन भई साथै संघीय लोकसेवा आयोग वा प्रदेश लोक सेवा आयोगबाट सिफारिस भई रामप्रसादराई गाउँपालिकामा कार्यरत स्थायी कर्मचारी समेतलाई जनाउदछ ।

(छ) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले रामप्रसादराई गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनु पर्दछ।

(ज) "तह वृद्धि" भन्नाले ऐनको दफा ४, दफा ८, दफा २७ र दफा २८ बमोजिम गरिने तह वृद्धिलाई सम्झनु पर्दछ।

(झ) "प्रदेश लोकसेवा आयोग" भन्नाले कोशी प्रदेशको प्रदेश लोकसेवा आयोगलाई सम्झनु पर्दछ।



रामप्रसादराई गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय बैकुण्ठे, भोजपुर कोशी प्रदेश, नेपाल

प्रमुख प्रशासकीय अधिकृत

(ञ) "सिफारिस समिति" भन्नाले यो कार्यविधिको दफा ३ बमोजिम गठित सिफारिस समितिलाई सम्झनु पर्दछ।

४. **सूचना प्रकाशन गर्ने :**(१) तह वृद्धिको लागि आवेदन पेश गर्न पन्ध्र (१५) दिनको म्याद राखी कार्यालयको सूचनापाटी र वेवसाइटमा सूचना प्रकाशित गरिनेछ ।

(२) उपनियम १ बमोजिम ऐनको ४(५) र ८(१६) को कार्यान्वयनको लागि कार्यालयले तत्कालै सूचना प्रकाशन गर्नेछ । साथै दफा २७ र दफा २८ बमोजिमको सूचना प्रत्येक वर्षको मंसिर महिनाको १५ गतेभित्र र जेठ महिनाको १५ गतेभित्र प्रकाशन गर्नेछ ।

५. **निवेदन दिनुपर्ने:** दफा ४ बमोजिम प्रकाशित सूचनामा तोकिएको मिति भित्रमा सम्बन्धित कर्मचारीले सिफारिस समिति समक्ष अनुसूची १ बमोजिमको ढाँचामा तपसील बमोजिम कागजातसहित निवेदन दिनुपर्नेछ ।

क. पछिल्लो तीन वर्षमा कार्यसम्पादन मूल्यांकन फाराम बुझाएको कार्यालयको नाम स्पष्ट खुलाई लेखिएको सक्कल निवेदन

ख. सेवा अवधि पुष्टि गर्ने नियुक्ति/बढुवा नियुक्तिको प्रतिलिपि

ग. स्थानीय तहमा समायोजन भएको पत्रको प्रतिलिपि

घ. विभागीय सजाय नपाएको, निलम्बनमा नरहेको र सेवा अवधि पूरा भएको विवरण खुलाई सम्बन्धित कार्यालयले गरेको सिफारिस पत्र

ङ. पेशा सम्बन्धी व्यावसायी परिषद्ले उपलब्ध गराउने प्रमाणपत्रको प्रतिलिपि (आवश्यक हुनेको हकमा मात्र ।)

च. ऐनको दफा २७ को उपदफा (४) बमोजिमको तह वृद्धि सिफारिस समितिले मागेका अन्य कागजातहरु

६. **सिफारिस समितिः**

(१) ऐनको दफा २७ बमोजिम गाउँपालिकामा कार्यरत कर्मचारीको तहवृद्धि गर्न तपसिल बमोजिमको तह वृद्धि सिफारिस समिति रहनेछ।

क. प्रमुख प्रशासकीय अधिकृत -अध्यक्ष

ख. कार्यपालिकाले तोकेको १ महिला सहित २(दुई) जना कर्मचारी - सदस्य

(२) समितिको बैठक समिति आफैले निर्धारण गरे बमोजिम बस्नेछ ।

**समितिको काम, कर्तव्य र अधिकार:** (१) सिफारिस समितिको काम, कर्तव्य र अधिकार तपसिल बमोजिम हुनेछ।

(क) तह वृद्धि प्रयोजनका लागि कार्यतालिका निर्धारण गर्ने।

(ख) आवेदन पेशका लागि सूचना प्रकाशित गर्ने।

(ग) पेश भएका कागजातहरुको अध्ययन तथा विश्लेषण गर्ने।



प्रमुख प्रशासकीय अधिकृत

रामप्रसादराई गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय बैकुण्ठे, भोजपुर कोशी प्रदेश, नेपाल

(घ) ऐनको दफा ४ (५) बमोजिम रहेका कर्मचारीहरुको तह वृद्धिको लागि निर्णय गर्ने।

(ङ) ऐनको ८(१६) बमोजिमका कर्मचारीको तह वृद्धिको लागि निर्णय गर्ने।

(च) ऐनको दफा २७ र २८ बमोजिमका कर्मचारीको तह वृद्धिको लागि निर्णय गर्ने ।

(छ) तह वृद्धि गरिने कर्मचारीहरुको नामावली सहित तह वृद्धिका लागि कार्यालयलाई सिफारिस गर्ने ।

७. **आवश्यक न्यूनतम योग्यता र सेवा अवधिः** स्थानीय सेवामा कार्यरत कर्मचारीको तह वृद्धि गर्दा दफा ४(५), दफा ८(१६) र दफा २८ बमोजिम योग्यता पुगेका कर्मचारीहरुलाई सम्बन्धित सेवा, समूह वा उपसमूहभित्र तह वृद्धि गरिनेछ।

८. **तह वृद्धि सम्बन्धी विशेष व्यवस्थाः**

१. ऐनको दफा ८ (१४) बमोजिम चौथो तहका सहायक कम्प्यूटर अपरेटर पदमा कार्यरत कर्मचारीको प्रमुख प्रशासकीय अधिकृतले तह वृद्धिको निर्णय गरी नियुक्तिपत्र दिनेछ।

२. ऐनको दफा ४ को उपदफा ५ र दफा ८ को उपदफा (१६) बमोजिम निजामती सेवा बाहेकका अन्य सेवाबाट स्थानीय तहमा समायोजन भई सेवा अवधि ५ वर्ष पूरा गरेका चौथो तहका कर्मचारीहरुलाई स्वतः एक तह वृद्धि गरिनेछ भने पाँचौं, सातौं र नवौं तहमा कार्यरत कर्मचारीलाई ऐनको दफा २७ को प्रकृया पूरा गरी क्रमशः छैटौं, आठौं र दशौं तहमा एक तह वृद्धि गरिनेछ।

३. ऐनको दफा ८ को उपदफा (१६) बमोजिम अधिकृत स्तर सातौं र नवौं तहका पदहरुमा दफा २७ को प्रकृया पूरा गरी ऐनमा तोकिए बमोजिमको बढुवा समितिले बढुवा गर्नेछ।

४. संघीय लोकसेवा आयोगबाट खुला प्रतियोगितात्मक परीक्षाद्वारा स्थानीय सेवाको छैटौं तहको पदमा सिफारिस भई नियुक्ति भई सकेका कर्मचारीलाई स्थानीय सेवाको सातौं तहका लागि आवश्यक न्यूनतम शैक्षिक योग्यता पुगेको भएमा अख्तियारवालाले सातौं तह कायम गरिदिन सक्नेछ ।यसरी सातौं तह कायम गर्नु पूर्व संगठन तथा व्यवस्थापन सर्वेक्षण गरी संगठन संरचना तथा दरबन्दी स्वीकृत गर्नु पर्नेछ।

५. ऐनको दफा ४ को उपदफा (५) बमोजिमको तह वृद्धि हुने कर्मचारीलाई प्रमुख प्रशासकीय अधिकृतले निर्णय गरी नियुक्ति पत्र दिनेछ।

६. **कामकाजमा खटिएका कर्मचारी सम्बन्धी व्यवस्थाः** कोशी प्रदेश बाहिर कामकाजमा खटिएका तर कोशी प्रदेश अन्तर्गत दरबन्दी भएका कर्मचारीको दरबन्दी भएको स्थानीय तहमा तह वृद्धि हुनेछ । एक स्थानीय तहबाट अर्को स्थानीय तहमा खटिएका कर्मचारीहरुको हकमा दरबन्दी/पदाधिकार रहेको कार्यालयमा तह वृद्धि गरिनेछ ।

रामप्रसादराई गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय बैकुण्ठे, भोजपुर कोशी प्रदेश, नेपाल



प्रमुख प्रशासकीय अधिकृत

**९. ज्येष्ठता कायमः-** तह वृद्धि हुने कर्मचारीको ऐनको दफा २८ को उपदफा (२) बमोजिम प्रत्येक आर्थिक वर्षको माघ १ गते र श्रावण १ गतेबाट ज्येष्ठता कायम हुनेछ ।

**१०. बाधा अड्काउ फुकाउनेः** कार्यविधिको कार्यान्वयनमा कुनै बाधा अड्काउ उत्पन्न भएमा बाधा अड्काउ फुकाउने अधिकार ऐनको दफा २७ को उपदफा ४ बमोजिम हुनेछ ।

**११. तह वृद्धि गर्न नहुनेः** यस कार्यविधिमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि ऐनको दफा ३० बमोजिम अयोग्यता भएका कर्मचारीहरुको तह वृद्धि गरिने छैन

**१२. तह वृद्धि गर्नुपर्नेः** कानून बमोजिम तह वृद्धिका लागि निवेदन दिएका कर्मचारीहरुको तह वृद्धिको लागि ऐनको दफा दफा २७ को उपदफा (४) बमोजिमको समितिले दरखास्त दिने म्याद सकिएको ७ दिनभित्र ७ दिनभित्र तह वृद्धिका लागि सिफारिस गरिसक्नुपर्नेछ र सो सिफारिस प्राप्त भएको ७ दिनभित्र ऐनको दफा २७ (३) बमोजिम कार्यपालिकाले निर्णय गरी नियमानुसार तहवृद्धिको पत्र दिनुपर्नेछ ।

**१३. सार्वजनिक गर्नेः** तह वृद्धि भएका कर्मचारीहरुको विवरण प्रत्येक स्थानीय तहले आफ्नो सूचना पाटी र वेभसाइटमा अनिवार्य राख्ने व्यवस्था मिलाउनुपर्नेछ ।

**१४. सचिवालयः** तहवृद्धि सम्बन्धी कार्य गर्न सम्बन्धित स्थानीय तहको प्रशासन शाखाले सचिवालयको काम गर्नेछ ।

**१५. जानकारी दिनु पर्नेः**

(१) यस कार्यविधि बमोजिम गाउँपालिकाले गरेको तह वृद्धिको जानकारी तह वृद्धिको निर्णय भएको मितिले पन्ध्र दिन भित्रमा मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, प्रदेश किताबखाना र प्रदेश लोकसेवा आयोगलाई दिनु पर्नेछ।

(२) तह वृद्धि भएका कर्मचारीहरुको विवरण स्थानीय राजपत्रमा समेत प्रकाशन गरिनेछ।

**१६. उजुरी/गुनासोः-** तह वृद्धिको निर्णय उपर चित्त नबुझेमा सूचना प्रकाशन भएको मितिले २१ दिन भित्र प्रदेश लोकसेवा आयोगमा उजुरी/गुनासो गर्न सकिनेछ।

**१७. प्रचलित कानून बमोजिम हुनेः** यस कार्यविधिमा उल्लेख भएको विषयमा कार्यविधि बमोजिम र अन्य विषयको हकमा प्रचलित कानून बमोजिम हुनेछ।

**१८. तह वृद्धि भएका कर्मचारीको सेवा, सुविधाः** (१) यस कार्यविधि बमोजिम तह वृद्धि भएका कर्मचारीले तह वृद्धिका लागि निर्णय गरेको मितिबाट मात्र माथिल्लो तहको तलब भत्ता प्राप्त गर्नेछन्।

(२) यस कार्यविधि बमोजिम तह वृद्धि गर्दा सम्बन्धित कर्मचारीले खाईपाई आएको तलबभन्दा घटी हुने भएमा खाईपाई आएको तलब भन्दा घटी नहुने गरी गाउँपालिकाले तलब मिलान गर्नुपर्नेछ।

रामप्रसादराई गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय बैकुण्ठे, भोजपुर कोशी प्रदेश, नेपाल



प्रमुख प्रशासकीय अधिकृत

(३) तह वृद्धि भएका कर्मचारी सेवा निवृत्त हुँदा उपदानको लागि प्राप्त गर्ने सेवा सुविधा कानून बमोजिम हुनेछ।

(४) ऐनको दफा ४ को उपदफा ५ बमोजिम तह वृद्धि भएका कर्मचारीको जेष्ठता ऐन जारी भएको मितिबाट कायम हुनेछ।

(५) ऐनको दफा ८ को उपदफा १६ वमोजिम तह वृद्धि भएका निजामती सेवा बाहेक अन्य सेवाबाट समायोजन भएका कर्मचारीको जेष्ठता ऐन जारी भएको मितिबाट कायम हुनेछ।

(६) ऐनको दफा ८ को उपदफा १६ वमोजिम तह वृद्धि भएका संघीय लोकसेवा आयोगबाट सिफारिस भइ स्थायी नियुक्ति लिएका कर्मचारीको जेष्ठता शुरु नियुक्ति मितिबाट कायम हुनेछ।

(७) ऐनको दफा २८ वमोजिम तह वृद्धि भएका कर्मचारीको जेष्ठता निर्णय भएको मितिबाट कायम हुनेछ।

<u>१९. बैठक भत्ता:</u> समितिका पदाधिकारीहरुले गाउँपालिकामा गठित अन्य समितिका सदस्यहरुले पाए सरहको बैठक भत्ता पाउनेछन् ।

<u>२०. कार्यविधिमा परिमार्जन:</u> कार्यविधिमा परिमार्जन तथा हेरफर गर्नु परेमा कार्यपालिकाले प्रदेश लोकसेवा आयोगसँग आवश्यक परामर्श गरी परिमार्जन गर्नसक्नेछ।

<u>२१.</u> <u>सिफारिसः</u> (१) सूचना प्रकाशित भएको मितिले पन्ध्र दिन भित्रमा सिफारिस समितिले निवेदनसाथ प्राप्त कागजातहरुको जाँच गरी कार्यालयलाई तह वृद्धिको लागि सिफारिस गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिम सिफारिस गर्दा कर्मचारीले तह वृद्धि हुनु पूर्वको पदमा भएको स्थायी तथा बढुवा नियुक्ति अनुसारको सेवा अवधि, शैक्षिक योग्यता, सेवाकालिन तालिमलाई आधार मानी क्रम निर्धारण गरी सिफारिस गर्नु पर्नेछ ।

अनुसूची १
(कार्यविधिको दफा ५ सँग सम्बन्धित)

## तह वृद्धिको लागि पेश गर्ने निवेदनको ढाँचा

मिति : २०८ / /

श्री अध्यक्षज्यू,
तह वृद्धि सिफारस समिति ।
रामप्रसादराई गाउँपालिका ।

**विषय : तह वृद्धि गरी पाऊँ ।**

प्रस्तुत विषयमा यस गाउँपालिकाको तह वृद्धि सिफारिश समितिको मिति २०८ / / गतेको सूचना अनुसार म हाल तपसिल बमोजिमको पद तथा तहमा कार्यरत रहेको र उक्त सूचना बमोजिम देहाय बमोजिमको पदमा तह वृद्धि हुन योग्य रहेको हुँदा तपसिल बमोजिमको कागजात सहित यो निवेदन पेश गरेको व्यहोरा अनुरोध गर्दछु।

तपसिल

१. स्थायी नियुक्तिको पत्र ।
२. बढुवा/तह वृद्धि भएको पत्र ।
३. समायोजन पत्र ।(समायोजन भएका कर्मचारीको हकमा मात्र)
४. नेपाली नागरिकताको प्रमाण पत्र।
५. न्यूनतम शैक्षिक योग्यताको प्रमाण पत्र।

| | |
|---|---|
| नाम थरः | सुरु नियुक्ति मितिः |
| पदः | हालको पदमा तहवृद्धि/बढुवा मितिः |
| तहः | समायोजन मितिः |
| सेवाः | कर्मचारी संकेत नं.: |
| समूहः | कार्यरत कार्यालयः |

माथि उल्लेखित सबै व्यहोरा ठिक साँचो हो । झुठा ठहरे कानून बमोजिम सहूँला, बुझाउँला ।

**निवेदक**
नाम :
दस्तखत :
क.सं. नम्बर :

रामप्रसादराई गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
बैकुण्ठे, भोजपुर
कोशी प्रदेश, नेपाल

७

प्रमुख प्रशासकीय अधिकृत

अनुसूची २

(कार्यविधिको दफा १३ सँग सम्बन्धित)

**तह वृद्धि पत्रको ढाँचा**

पत्र संख्याः

चलानी नंः

मितिः

**विषयः तह वृद्धि गरिएको ।**

तपाईंलाई यस कार्यालयको मिति २०८ । । गतेको निर्णयानुसार स्थानीय सरकारी सेवा (गठन तथा सञ्चालन) ऐन, २०८० बमोजिम नियमानुसार ज्येष्ठता कायम हुने गरी **स्थानीय सेवामा** तपसिल बमोजिम **तहमा तहवृद्धि** गरिएको छ । तह वृद्धि हुनु भएकोमा हार्दिक बधाई तथा कार्य सफलताको शुभकामना ।

तपसिल :

| **हाल कार्यरत पद** | **तह वृद्धि गरेको पद** |
|---|---|
| पदः | पदः |
| तहः | तहः |
| सेवाः | सेवाः: |
| समूहः | समूह |
| कार्यरत कार्यालय : | कार्यरत कार्यालय : |

**श्री ..............................**

कर्मचारी संकेत नम्बरः

**बोधार्थ :**

श्री सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, सिंहदरबार काठमाडौं ।

श्री लोक सेवा आयोग, केन्द्रीय कार्यालय, अनामनगर, काठमाडौं ।

श्री मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, कोशी प्रदेश, विराटनगर, मोरङ्ग ।

श्री राष्ट्रिय कितावखाना (निजामती), पुल्चोक, ललितपुर ।

श्री प्रदेश लोक सेवा आयोग, विराटनगर, मोरङ्ग ।

श्री प्रदेश किताबखाना, विराटनगर, मोरङ्ग ।

श्री नागरिक लगानी कोष, नयाँ बानेश्वर, काठमाडौं ।

श्री कोष तथा लेखा नियन्त्रक कार्यालय, भोजपुर।

श्री कर्मचारी सञ्चयकोष, विराटनगर, मोरङ्ग।

श्री आर्थिक प्रशासन शाखा, रामप्रसादराई गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय ।